# <u>सम्मेलनका सहभागी तथा पर्यवेक्षकहरुले पालन गर्नुपर्ने नियमहरु</u>

१. **<u>उपस्थितिः-</u>** सहभागीको रुपमा मनोनयन भएका सरकारी वकीलहरु विशेष पारिस्थिति परि सम्मेलनमा उपस्थित हुन नसक्ने भएमा उपस्थित हुनु नसक्नुको कारण सहितको जानकारी सम्मेलन अगावै महान्यायाधिवक्ताको कार्यालयमा गराउनु हुनेछ ।

२. **<u>समयपालनः-</u>** सम्मेलनका सहभागीहरु तोकिएको समयमा सम्मेलन स्थलमा उपस्थित हुनु हुनेछ । निर्धारित समय भन्दा कम्तीमा ५ मिनेट अगावै कार्यक्रम स्थलमा आईपुग्नु हुनेछ । कार्यक्रमको प्रारम्भ राष्ट्रिय गानबाट हुनेछ । राष्ट्रिय गान बज्दा आफ्नो स्थानमा उभिनु हुनेछ । निर्धारित कार्यक्रम सम्पन्न नभई कार्याक्रम स्थलबाट बाहिर जानु हुने छैन ।

३. **<u>पोशाकः</u>**- सम्मेलनमा सहभागी राजपत्रांकित प्रथम श्रेणी र सो भन्दा माथिका सरकारी वकीलहरुले सम्मेलनको उद्घाटन सत्रमा कालोकोट र सेतो दौरा सुरुवाल र अन्य दिनमा दौरा सुरुवाल सहितको पोशाक र अन्य सरकारी वकीलहरुले कोट सहितको निजामती पोशाक लगाउनु हुनेछ । सबै सहभागीहरुले सम्मेलनमा वितरित लोगो लगाउनु हुनेछ ।

४. **<u>मोवाइलः-</u>** सम्मेलनको कार्यक्रम सञ्चालन भईरहेको समयमा मोवाइल फोन स्विच अफ वा साइलेन्ट मोडमा राख्नु हुनेछ । अनावश्यक रुपमा मोवाइललाई हातमा राखी खेलाउनु हुनेछैन । आकस्मिक अवस्थामा बाहेक कार्यक्रम अवधिमा मोवाइल उठाउनु हुने छैन ।उद्घाटन र समापन समारोहमा तस्वीर खिच्न तोकिएका व्यक्ति बाहेक अरु सहभागीहरु सो कार्यमा संलग्न हुनु हुनेछैन ।

५. **<u>अनुमती लिनु पर्नेः-</u>** अत्यावश्यक अवस्था परेमा कार्यक्रमको अध्यक्षता वा संयोजन समूहको अनुमती लिएर मात्र कार्यक्रमस्थलबाट बाहिर निस्कनु हुनेछ । अनावश्यकरुपमा कार्यक्रम स्थलमा भित्र बाहिर गर्नु हुनेछैन ।

६. **<u>सक्रिय सहभागिताः-</u>** कार्यक्रममा प्रस्तुत गरिएका विषयहरुमा सहभागीहरुले छलफलमा सक्रिय सहभागीता जनाउनु हुनेछ । समय लिएर कार्यपत्र उपर आफ्नो विचार बुँदागत रुपमा तोकिएको समय सिमामा रहेर राख्नुहुनेछ ।छलफल पश्चात कार्यक्रमको अध्यक्षता गर्ने र टिप्पणी गर्ने श्रोत व्यक्तिले सहभागीहरुको जिज्ञासा सम्बोधन गरिरहदा थप जिज्ञासा र प्रश्न राख्नु हुने छैन।

७. **<u>अनुमति लिई अर्को समूहमा जान सकिनेः-</u>** सहभागीहरुले आफू तोकिएको समूह भन्दा बाहेकको समूहमा भएको कुनै निश्चित विषयमा छलफल कार्यक्रममा छलफलमा भाग लिन चाहेमा आफ्नो समूहको संयोजक मार्फत समन्वय गरी मात्र जानु हुनेछ ।

८. **<u>विषय केन्द्रितः</u>**- संहिताहरुको कार्यन्वयनमा भोग्नु परेका समस्याहरु बुँदागत रुपमा टिपोट गरी ल्याउनु हुनेछ । छलफलको विषयसंग मेलखाने समस्याहरु सोही समयमा राख्नु हुनेछ ।छलफलको विषयान्तर हुने गरी कुनै पनि प्रश्न र जिज्ञासा राख्नु हुने छैन ।

Office of the Attorney General, Nepal

९. **तत्काल समस्या परे निकासा लिनेः-** सम्मेलनका सहभागीहरुलाई तत्काल कुनै समस्या परेमा संयोजन समूह मार्फत निकाशा लिई आवश्यक निर्णय लिनु हुनेछ । सामान्य अवस्थामा कुनै पनि कारणले आफूलाई तोकिएका कार्यक्रम स्थलबाट बाहिरिनु हुनेछैन ।

१०. **अनुशासन र आचरणः**- सम्मेलनमा सहभागीहरुले राष्ट्रसेवकका अनुशासन र आचरणका आधारभूत नियमहरुको पालना गर्नु हुनेछ । कार्यक्रम सञ्चालन भईरहेको समयमा आपसमा कुराकानी, कानेखुशी संकेत वा इसारा गर्ने जस्ता कार्य सहभागीहरुबाट हुनेछैनन्। सबैसँग शिष्टतापूर्वक व्यवहार गर्नु हुनेछ । कार्यक्रममा चिया, खाजा तथा खाना लिने समयमा अनावश्यक भिडभाड नगरी लाईनमा बसी लिनुहुनेछ । प्लेट, कप, पानी पिउने गिलास तथा अन्य बस्तु निश्चित स्थानमा मात्र राख्नुहुनेछ । सम्मेलन कक्षमा धुम्रपान निषेध छ । सम्मेलनलाई सफल बनाउन रचनात्मक सहयोग गर्नु हुनेछ ।

Office of the Attorney General, Nepal